# सुनवर्षी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

डाईनिया, मोरङ्ग

१ नं. प्रदेश, नेपाल

## विषय:- सिलबन्दी दरभाउपत्र आव्हानको सूचना ।

प्रथम पटक प्रकाशित मिति २०७९/०१/०८

प्रस्तुत विषयमा यस सुनवर्षी नगरपालिकाको धानको बीउ खरिद गर्नको लागि निम्न शर्तहरुको अधिनमा रहि रितपूर्वकको तपशिल अनुसारको सिलबन्दी दरभाउपत्र आह्वान गरिन्छ।

तपशिल :

| क्र.स. | ठेक्का नं | योजनाको नाम | लागत अनुमान रकम रु. | दरभाउपत्र जमानत रकम रु. | दरभाउपत्र फारम खरीद दस्तुर रु. |
|---|---|---|---|---|---|
| १. | SUNMUN/AGRICULTURE /SQ/078/79-02 | ५०% अनुदानमा धानको बिउ बितरण | १९,९८,०००.००।- | ५०,०००।- | १०००।- (एक हजार मात्र) |

१. सिलबन्दी दरभाउपत्र फारम मिति २०७९/०१/०८ यस कार्यालय समय भित्र चालु आ को लागि नवीकरण भएको इजाजत पत्र, स्थायी लेखा नं प्रमाण पत्र, आ.व २०७७/०७८ को कर चुक्ता प्रमाणपत्र वा म्याद थप को प्रमाण पत्र, कालोसूचीमा नपरेको स्वयं घोषणापत्र संलग्न गरि निबेदन सहित रु १० को टिकट टाँसी सिलबन्दी दरभाउपत्रको आवश्यक राजश्व दस्तुर र (सम्बन्धित ठेक्का नं र नाम खुलेको) बुझाएको बैंक भौचर पेश गरि खरिद गर्न सकिने छ ।
वैंकको नाम:- सिभिल बैंक लि. डाईनिया, मोरङ्
Bank:- Civil Bank Ltd, Dainiya, Morang. A/C Name:- Sunavarshi Ga-1-1 Antarik Rajaswa Khata. A/C No: 06910179045107 & **Dharauti Kosh Khata Ga-3 :- 06910179045058**

२. सिलबन्दी दरभाउपत्र फारम मिति २०७९/०१/२३ गते दिनको १२.०० वजे सम्म अधिकार प्राप्त व्यक्तिले दस्तखत गरि फर्म/कम्पनीको छाप समेत लगाई पेश गर्नुपर्ने छ।बोलपत्र सोहि दिनको १:०० वजे देखि यस कार्यालयमा उपस्थित दरभाउपत्रदाताहरु वा निजको अधिकार प्राप्त प्रतिनिधिहरुको रोहबरमा खोलिने छ। दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि सिलबन्दी दरभाउपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

३. सिलबन्दी दरभाउपत्र खोलिने दिन विदा पर्न गएमा सो कार्य लगतै कार्यालय खुलेको दिन हुनेछ ।

४. सिलबन्दी दरभाउपत्र साथ सिभिल बैंक लि. डाईनिया शाखामा रहेको सुनवर्षी नगरपालिकाको धरौटी खाता नं. **06910179045058** मा फर्मको नामवाट जमानत वापतको नगद रकम जम्मा गरेको भौचर वा पेश गर्ने अन्तिम मितिदेखि कम्तिमा ७५(पचहत्तर) दिन म्याद भएको नेपालसरकारवाट मान्यता प्राप्त वाणिज्य बैंक वा वित्तीय संस्थाले यस कार्यालयको नाममा जारी गरिएको बैक जमानत (बैक ग्यारेण्टी) पेश गर्नु पर्ने छ । सो बैक जमानत/भौचरमा सम्बन्धित ठेक्का नं र खरिद कार्यको नाम उल्लेख भएको हुनु पर्ने छ।

५. यस कार्यालयवाट प्राप्त गरेको सिलबन्दी दरभाउपत्र फारममा उल्लेखित कार्यको छुट्टाछुट्टै सिलबन्दी दरभाउपत्र भरि प्रति इकाई दर अंक र अक्षर दुबैमा स्पस्ट खुलाउनुपर्ने छ ।

६. म्याद नाघी आएको वा रित नपुगेको वा विभिन्न शर्तहरु उल्लेख गरिएको सिलबन्दी दरभाउपत्र उपर कुनै कारवाही हुने छैन, सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा अस्वीकृत गर्ने निर्णय यस कार्यालयमा सुरक्षित रहनेछ ।

७. यस सुचनामा उल्लेख भएकोमा सोही बमोजिम र अन्य विषयको हकमा सार्वजनिक खरिद ऐन २०६३, (संसोधन सहित) र सार्वजनिक खरिद नियमावली, २०६४ (संसोधन सहित), प्रचलित ऐन नियम तथा नगरपालिकाको निर्णय अनुसार हुनेछ ।

८. सिलबन्दी दरभाउपत्र अन्य कागजातमा (भाषागत समेत) त्रुटी भएमा वा विषय वा प्रसंगले अन्य अर्थ लागेमा कार्यालयले कुनै पनि वेला संसोधन गर्न सक्नेछ र उक्त संसोधन सम्बन्धि जानकारी यस कार्यालयको सूचना पाटि वा वेबसाईट मा राखिनेछ। कार्यालयको हितलाई ध्यानमा राखी सिलबन्दी दरभाउपत्र, पुरै वा आंशिक रूपमा स्विकार / स्विकृत गर्ने वा अस्विकार /अस्विकृत गर्ने वा सूचना नै रद्ध गर्ने लगायतका सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहको छ ।

९. सिलबन्दी दरभाउपत्र सम्वन्धि थप जानकारीका लागि कार्यालय समयमा मोबाइल नं. ९८४२४४७८३० वा वेबसाईट www.sunawarshimun.gov.np \ official E-mail:- sunbarsimun@gmail.com, sahnaresh46@gmail.com मा सम्पर्क गर्न \ हेर्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत